# संवत् २०८० साल फागुन १६ गते बसेको कार्यपालिकाको १२औं बैठकका निर्णयहरु:

**बैठकका प्रस्तावहरू:**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।
२. सामुदायिक स्वास्थ्य इकाईको जग्गा प्राप्ति सम्बन्धमा।
३. विविध सम्बन्धमा।

**बैठकका निर्णयहरु:**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा गरियो।
२. सामुदायिक स्वास्थ्य इकाईको जग्गा प्राप्ति सम्बन्धमाः लुङ्ग्री गाउँपालिका भित्र रहेका देहायका सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माणका लागि सम्बन्धित गाउँटोलका युवा क्लव र आमा समूहबाट सरकारी दररेट अनुसार जग्गा खरिद गरिएको भनी गाउँपालिकामा जानकारी पत्र प्राप्त भएकोले उक्त जग्गा देहायका सामुदायिक स्वास्थ्य इकाईको नाममा रजिष्ट्रेशन पास गर्न मालपोत कार्यालय, लिवाङ्ग पठाउने।

| क्र.सं. | योजनाको नाम | ठेगाना | जग्गादाता |
|---|---|---|---|
| १ | सामुदायिक स्वास्थ्य इकाई, पाटेगुम्चाल - भवन निर्माण | लुङ्ग्री ६, पाटेगुम्चाल | बिर्खे बुढाथोकी क्षेत्री |
| २ | सामुदायिक स्वास्थ्य इकाई, सालडाँडा - भवन निर्माण | लुङ्ग्री ४, सालडाँडा | तिलसरी बिष्ट घर्ती |
| ३ | सामुदायिक स्वास्थ्य इकाई, तल्लो गुम्चाल - भवन निर्माण | लुङ्ग्री ६, तल्लो गुम्चाल | भागीसरा बिष्ट |
| ४ | सामुदायिक स्वास्थ्य इकाई, तल्लो सिर्प - भवन निर्माण | लुङ्ग्री २, तल्लो सिर्प | मुक्ते घर्ती |

३. विविध सम्बन्धमाः देहायका विविध बिषयहरुमा निर्णय गरीयो।
(क) बोज्याङ खोलाको ढुङ्गाको IEE प्रतिवेदन पास गर्ने।
(ख) गाउँपालिका क्षेत्रभित्र निजी जग्गामा उत्खनन भैरहेका ढुङ्गाखानीको IEE गर्न आवश्यक प्रक्रिया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेबारी तोक्ने।
(ग) लुङ्ग्री गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा, रोजगार सेवा केन्द्र र पूर्वाधार विकास शाखामा सवारी साधन (मोटरसाइकल) को आवश्यकता भएकोले खरिद कार्यका लागि खरिद समितिलाई जिम्मेवारी तोक्ने।
(घ) सहुलियत पसल संचालन कोष निर्माण गरी उक्त कोषमा चालु आ.व.को बजेटमा व्यवस्था गरिएको रकम रकमान्तर गर्ने।
(ङ) तेस्रो रोल्पा महोत्सव सञ्चालनका लागि रु ५०,०००/-(अक्षरेपी पचास हजार मात्र) शिर्षकबाट आर्थिक सहयोग गर्ने र उक्त महोत्वसमा एउटा स्टलमा लुङ्ग्री गाउँपालिकाको पर्यटन प्रवर्धनार्थ गाउँपालिकाका प्रवक्ता तथा वडा नं ६ का वडा अध्यक्ष श्री जोख बहादुर बुढाथोकीको संयोजकत्वमा प्रचार प्रसार गर्ने।
(च) आगामी ३ बर्षमा यस गाउँपालिकालाई रोल्पा जिल्लाकै उत्कृष्ट गाउँपालिका बनाउने लक्ष्य राखियो।
(छ) स्ट्रोम फाउन्डेशन र हुरेक नेपालको साझेदारीमा विगतमा वडा नं. १-४ सम्म संचालित दीगो तथा मर्यादित समाजिक आर्थिक सशक्तिकरण (सिड्स) कार्यक्रम पिछडिएका समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि एकदमै प्रभावकारी रहेको ठहर गरी सोही प्रकृतिका कार्यक्रम वडा नं. ५, ६ र ७ मा संचालन गर्न स्ट्रोम फाउन्डेशन र हुरेक नेपाललाई सहमति दिने ।

जीत बहादुर परियार **निर्णय प्रमाणित गरिएको छ।**
प्रमुख प्रशासकीय अधिकृत

भरत कुमार ...
गा.पा.अध्यक्ष

लुङ्ग्री गाउँकार्यपालिकाको बैठक मिति २०८०/११/१२ बैठक संख्याः १२

लुङ्ग्री गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय वडादार, रोल्पा लुम्बिनी प्रदेश, नेपाल स्था. २०७३